आज मिति २०८३/०१/१५ गतेका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पुष्कर राज जोशी ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसि तपसीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति**

| सि.न. | नाम, थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | श्री पुष्कर राज जोशी | नगर प्रमुख | |
| २ | श्री कौशिला चन्द | नगर उप-प्रमुख | |
| ३ | श्री विष्णु दत्त भट्ट | वडा नं. १ अध्यक्ष | |
| ४ | श्री सुर्य बहादुर बोहरा | वडा नं. २ अध्यक्ष | |
| ५ | श्री अजब बहादुर पाण्डे | वडा नं. ३ अध्यक्ष | |
| ६ | श्री भान देव भट्ट | वडा नं. ४ अध्यक्ष | |
| ७ | श्री केशव राज लेखक | वडा नं. ५ अध्यक्ष | |
| ८ | श्री महेन्द्र सिंह कार्की | वडा नं. 6 अध्यक्ष | |
| ९ | श्री हरि दत बडू | वडा नं. ७ अध्यक्ष | |
| १० | श्री चामु सिंह थापा | वडा नं. ८ अध्यक्ष | |
| ११ | श्री मोहन देव जोशी | वडा नं. ९ अध्यक्ष | |
| १२ | श्री त्रिलोक सिंह बिस्ट | वडा नं. १० अध्यक्ष | |
| १३ | श्री जय दत्त पन्त | वडा नं. ११ अध्यक्ष | |
| १४ | श्री भुरी देवी बिस्ट | कार्यपालिका सदस्य | भुरी बिस्ट |
| १५ | श्री बसन्ती जोशी | कार्यपालिका सदस्य | बसन्ती |
| १६ | श्री माया पहरी | कार्यपालिका सदस्य | |
| १७ | श्री कलावती लावड | कार्यपालिका सदस्य | |
| १८ | श्री धाना देबी थलाल | कार्यपालिका सदस्य | धाना |
| १९ | श्री दिनेश बहादुर सिनाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिनोद राम लोहार | कार्यपालिका सदस्य | |
| २१ | श्री प्रेम दयाल | कार्यपालिका सदस्य | |
| २२ | श्री केशव राज सुबेदी | सचिव | |

CS CamScanner

**प्रस्तावहरुः**

१. आ.ब. २०८३/८४ को बजेट शिलिंग स्वीकृत सम्बन्धमा ।

२. नगरपालिकाको जग्गा वर्गीकरण मापदण्ड स्वीकृत सम्बन्धमा ।

३. नगरपालिकाको जग्गा वर्गीकरण मापदण्डका लागि वडा स्तरीय छलफल कार्यक्रम कार्यतालिका स्वीकृत सम्बन्धमा ।

४. द.न.पा. कार्यालयको गुनासो सुन्ने अधिकारि तोक्ने सम्बन्धमा ।

५. द.न.पा.०२ देहीमाण्डौंमा योग शिविर संचालन सम्बन्धमा ।

६. दशरथचन्द नगरपालिकाको स्वास्थ्य आपातकालीन पुर्व तयारी तथा प्रतिकार्य योजना २०८२ स्वीकृत सम्बन्धमा ।

७. नागार्जुन रणशैनि क्रिकेट क्लवलाई सहयोग सम्बन्धमा ।

८. वडा न. १० को कार्यालय ब्यबस्थापनमा भएको भुक्तानी सम्बन्धमा ।

९. जनजाती तर्फ रु. ५ लाख बिनियोजन गर्ने सम्बन्धमा ।

१०. अपाङ्गता सफ्टवेयरको २० प्रतिशत Annual maintenance cost भुक्तानी सम्बन्धमा।

११. शिव आधारभूत बाल बिकास सहजकर्ताको तलव निकासा सम्बन्धमा ।

१२. प्रदेश सरकारबाट हस्तान्तरित (विषेश अनुदान) अन्तर्गत शैक्षिक बिकाशका लागि सेवाको शैक्षिक गुणस्तर अभिबृधि कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

१३. वडा न. ०५ को शिर्षक शंशोधन सम्बन्धमा ।

१४. पूर्वाधार शाखाका लागि अत्यावस्यक उपकरण सम्बन्धमा ।

१५. जगन्नाथ खेलमैदान पूर्वाधार थप कार्य गर्ने सम्बन्धमा ।

१६. नगर सौन्दर्यीकरण पूर्वाधार थप कार्य गर्ने सम्बन्धमा ।

१७. बग्लेखान खेलमैदान पूर्वाधार निर्माण योजनामा थप रकम बिनियोजन सम्बन्धमा ।

१८. आर्थिक सहायता सम्बन्धमा ।

१९. बिबिध बिषय सम्बन्धमा ।

**निर्णय न. १ :**

मिति २०८३/०१/१० गते स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ अनुसार गठित स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले प्रक्षेपण गरेको आ.ब. २०८३/८४ को तपसिल अनुसारको बजेट शिलिंग स्वीकृत गरियो । साथै स्वीकृत बजेट सिलिंग अनुसार नगरपालिका बिषयगत शाखा तथा वडाहरुलाई बजेट सिमा तथा मार्गदर्शन पठाउने निर्णय गरियो ।

**तपसिल**

आ व २०८३।८४ को **बजेट सिमा निर्धारण** (विषय क्षेत्रगत)

| क.स | विषयगत क्षेत्र | कार्यक्रमको नाम | स्रोत | रकम |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | | | |
| | पशु | | | २००००००।० |
| | कृषि | | | १५००००००।० |
| | सहकारी | | | ५००००००।० |
| | रोजगार | | | ५३०००००।० |
| | जम्मा | | | ४५३००००।० |
| २ | सामाजिक विकास | | | |
| | स्वास्थ्य | | | ३५००००००।० |
| | आयुर्वेद | | | १५००००००।० |
| | शिक्षा | | | ३८१००००००।० |
| | लै.स.स. | महिला लक्षित | | ३००००००।० |
| | | दलित कार्यक्रम | | ३००००००।० |
| | | अपांग | | ५००००००।० |
| | | आदिवासी जनजाति | | ५००००००।० |
| | | ज्येष्ठ नागरिक | | २५०००००।० |
| | | एकल महिला | | २५०००००।० |
| | | बालबालिका | | ५००००००।० |
| | | स्थानिय कला संस्कृति संरक्षण कार्यक्रम | | ५००००००।० |
| | | युवा परिषद् तथा युवा संजाल | | ५००००००।० |
| | | युवा तथा खेलकुद | | ३५००००००।० |
| | जम्मा | | | ५५६००००००।० |
| ३ | वातावरण तथा विपद व्यवस्थापन | | | |
| | | विपद व्यवस्थापन | | १५००००००।० |
| | | शव व्यवस्थापन तथा एम्बुलेन्स सञ्चालन | | १००००००००।० |
| | | फोहोरमैला व्यवस्थापन | | १००००००।० |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | | | ३५०००००।० |
| ४ | पुर्वाधार विकास | | | २१६९१०००।० |
| | | समपुरक अनुदान | | १५००००००।० |
| ५ | संस्यागत विकास सेवा प्रवाह र सुशासन | प्रशासनिक चालु खर्च | | ११५०००००००।० |
| | | संस्थागत विकास सेवा प्रवाह र सुशासन | | २५०००००।० |
| | | वडागत खर्च | | ३००००००००।० |
| | | कुल जम्मा | | २४७८२१०००।० |

**आ व २०८३।८४ को बजेट सिमा निर्धारण** (वडागत सिमा )

| वडा न. | वडागत सिमा रु. |
|---|---|
| १ | ३००००००.० |
| २ | ३००००००.० |
| ३ | २५०००००.० |
| ४ | ३००००००.० |
| ५ | २५०००००.० |
| ६ | ३००००००.० |
| ७ | २५०००००.० |
| ८ | २५०००००.० |
| ९ | ३००००००.० |
| १० | २५०००००.० |
| ११ | २५०००००.० |
| जम्मा | ३०००००००.० |

**निर्णय न. २**

दशरथचन्द नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण (जग्गा वर्गीकरण) कार्यका लागि यस कार्यालय र श्री Brithers Environment and Geological Service Pvt.Ltd संग मिति २०८२/१२/०१ गते सम्झौता भई कार्य संचालनमा रहेको र सो फर्मबाट भू-उपयोग क्षेत्र वर्गीकरण (जग्गा वर्गीकरण) सम्बन्धि हाल सम्मको कार्यको कार्य प्रगति प्रस्तुत गरियो ।

**निर्णय न. ३**

दशरथचन्द नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण (जग्गा वर्गीकरण) मापदण्ड निर्धारणका लागि न.पा.का ११ वटै वडाहरुमा Brithers Environment and Geological Service Pvt.Ltd फर्मका प्रतिनिधि र यस कार्यालयका अमिन सहितको उपस्थितिमा तपसिल अनुसारको समय तालिका अनुसार सरोकारवालाहरु संग छलफल गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | मिति | वडा नं. | स्थान | समय |
|---|---|---|---|---|
| १ | २०८३।०१।१६ | ७ | ७ नं.वडा कार्यालय | विहान १०:०० वजे |
| २ | २०८३।०१।१७ | ११ | ११ नं.वडा कार्यालय | विहान १०:०० वजे |
| ३ | २०८३।०१।१८ | २ | २ नं.वडा कार्यालय | विहान १०:०० वजे |
| ४ | २०८३।०१।१९ | ५ | ५ नं.वडा कार्यालय | विहान १०:०० वजे |
| ५ | २०८३।०१।२० | ३ | ३ नं.वडा कार्यालय | विहान १०:०० वजे |
| ६ | २०८३।०१।२१ | ४ | द.न.पा.हल गडी | विहान १०:०० वजे |
| ७ | २०८३।०१।२२ | ६ | ६ नं.वडा कार्यालय | विहान १०:०० वजे |
| ८ | २०८३।०१।२३ | ९ | ९ नं.वडा कार्यालय | विहान १०:०० वजे |
| ९ | २०८३।०१।२४ | ८ | ८ नं.वडा कार्यालय | विहान १०:०० वजे |
| १० | २०८३।०१।२५ | १ | १ नं.वडा कार्यालय | विहान १०:०० वजे |
| ११ | २०८३।०१।२६ | १० | १० नं.वडा कार्यालय | विहान १०:०० वजे |

**निर्णय न. ४**

दशरथचन्द नगरपालिकाको गुनासो सुन्ने अधिकारीमा यस कार्यालयमा कार्यरत अधिकृत सातौं श्री ईस्वरी दत्त भट्ट लाई तोक्ने निर्णय गरियो ।

CamScanner

**निर्णय न. ५**

यस नगरपालिकाबाट चालु आ.ब.२०८२/८३ का लागि विनियोजित खेलकुद सामग्री थप शिर्षकको रकमबाट द.न.पा.०२ देहीमाण्डौंमा संचालन हुने योग शिविर कार्यक्रमका लागि रु. २५००००/- बिनियोजन गर्ने निर्णय गरियो।

**निर्णय न. ६**

दशरथचन्द नगरपालिकाको स्वास्थ्य आपातकालीन पुर्व तयारी तथा प्रतिकार्य योजना २०८२, स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय न. ७**

यस नगरपालिकाको सातौं नगर सभाबाट स्वीकृत अन्य खेलकुद प्रतियोगिता सहभागिता शिर्षकबाट नागार्जुन रणशैनि क्रिकेट क्लवलाई T-10 क्रिकेट प्रतियोगिता संचालनार्थ रु. ५० हजार सहयोग गर्ने निर्णय गरियो।

**निर्णय न. ८**

यस नगरपालिका वडा न. १० को कार्यालय ब्यबस्थापन खरिद गरिएका सामग्रीहरुको भुक्तानी यस कार्यालयको कार्यालय ब्यबस्थापन शिर्षकबाट गर्ने निर्णय गरियो।

**निर्णय न. ९**

यस नगरपालिकाको सातौं नगर सभाबाट विनियोजित समपुरक अनुदान रकमबाट जनजाती तर्फ रु. ५ लाख बिनियोजन गर्ने निर्णय गरियो।

**निर्णय न. १०**

यस नगरपालिका कार्यालयले श्री टेक्निकल रणशैनिबाट अपाङ्गता सफ्टवेयर खरिद गरेको र सम्झौता अनुसार बार्षिक सम्झौता रकमको २० प्रतिशत Annual maintenance cost रहेको र श्री टेक्निकल रणशैनिबाट २ बर्षको Annual maintenance cost रु. १९२१००/- भुक्तानीका लागि निवेदन पेश गएकोले पेश गरिएको रकम सेवा परामर्श शिर्षक बाट भुक्तानी गर्ने र कार्यालयको आवस्यकता अनुसार गविकरण गर्ने गरि हाललाई उक्त सम्झौता रद्द गर्ने निर्णय गरियो।

**निर्णय न. ११**

यस् नगरपालिकाको वडा न. ०८ स्थित श्री शिव आधारभूत बिद्यालयमा कार्यरत बाल बिकास सहजकर्ता मधुमति बिष्टको खुट्टामा गम्भीर चोट लागि अस्पतालमा उपचाररत रहेकोले निजलाई २०८२ साल चैत्र महिनासम्मको तलव भुक्तानीका लागि श्री शिव आधारभूत बिद्यालयलाई शिक्षा शाखा मार्फत पत्राचार गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय न. १२**

चालु आ.ब. २०८२/८३ मा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) अन्तर्गत शैक्षिक बिकाशका लागि सेवाको शैक्षिक गुणस्तर अभिबृधि कार्यक्रममा विनियोजित रु. ३० लाख रकमबाट बिद्यालयहरुका लागि फर्निचर, बाल उद्यान, खेलकुद सामग्री र ब्यायाम सामग्री खरिद गर्ने निर्णय गरियो ।

**निर्णय न. १३**

यस नगरपालिकाको सातौं नगरसभाबाट वडा न. ०५ को वडा स्तरीय स्वीकृत बिबिध खर्चमा विनियोजित रु. ३ लाखबाट वा न. ०५ स्थित थालिखेत देखि रिक्तोला सम्म पी.सि.सि. बाटो निर्माणका लागि रु. ८००००/- र महिला तथा पुरुष भलीबल क्रिकेट ब्याडमिन्टन सामग्री खरिद तथा खेल मैदान ब्यबस्थापन शिर्षकमा विनियोजित रु. २ लाख बाट दशरथचन्द क्रिकेट स्टेडियम सुन्दरखाली खेलमैदानभित्र बालबालिकाको सिकाई अभ्यासका लागि मिनी पिच निर्माण र ब्यबस्थापनका लागि १५००००/ बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय न. १४**

यस नगरपालिकाको पूर्वाधार शाखाका लागि अत्यावस्यक पर्ने तपसिलका सर्भे उपकरणहरु खरिदका लागि कन्टेनजेन्सी रकमबाट रु. ५ लाख बिनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नाप्ने फिता ५० मिटर | १४ | |
| २ | रिबाउण्ड हेमर | १ | |
| ३ | पेड़ो मिटर | २ | |
| ४ | स्टाफ | ४ | |
| ५ | अल्टिमिटर | २ | |
| ६ | स्टिल टेप | १४ | |

**निर्णय न. १५**

यस न.पा. वडा न. ०४ स्थित जगन्नाथ खेलमैदान पूर्वाधार निर्माण कार्यको स्वीकृत रकम रु. २० लाख मध्ये रु. १२९०९५८/७३ को मात्र ठेक्का सम्झौता भएकोमा बाँकी रहेको रकमबाट रु. ६ लाखबाट जगन्नाथ खेलमैदान पूर्वाधार निर्माणमा थप कार्यका लागि खर्च गर्ने निर्णय गरियो ।

CamScanner

**<u>निर्णय न. १६</u>**

यस नगरपालिकाको स्वीकृत नगर सौन्दर्यीकरण पूर्वाधार निर्माण कार्यका लागि विनियोजित रकम रु. १५ लाख मध्ये रु. ९२२७५६/०४ को मात्र ठेक्का सम्झौता भएकोमा बाँकी रहेको रकमबाट रु. ५ लाखबाट नगर सौन्दर्यीकरण पूर्वाधार निर्माणमा थप कार्यका लागि खर्च गर्ने निर्णय गरियो ।

**<u>निर्णय न. १७</u>**

यस नगरपालिकाको सातौं नगर सभाबाट विनियोजित समपुरक अनुदान रकमबाट बग्लेखान खेलमैदान पूर्वाधार निर्माण द.न.पा. ११ मा रु. २ लाख थप गर्ने निर्णय गरियो ।

**<u>निर्णय न. १८</u>**

यस नगरपालिका वडा न. ०९ बस्ने बिरभान ओडको आर्थिक स्थिति कमजोर रहेकोले आर्थिक सहयोग बापत निजलाई रु. २००००/- उपलब्ध गराउने निर्णय गरियो ।